प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

पत्रसंख्या ०७६/७७
च.नं. १८६०६

मिति २०७६/१२/०२

श्री जिल्ला प्रशासन कार्यालय, प्रदेश नं ५, सबै

श्री उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका कार्यपालिकाको कार्यालय, प्रदेश नं ५, सबै

**विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।**

प्रस्तुत विषयमा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/११/३० च.नं प्रा.स/४२१/५५७६ र मिति २०७६/११/२१ च.नं. प्रा.स./ ४२१/५४५९ को पत्रसँगै प्राप्त नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको संयोजकत्वमा मिति २०७६ फागुन २९ मा बसेको उच्चस्तरीय समितिको बैठकबाट भएका निर्णयहरु र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तराष्ट्रिय भ्रमण सम्वन्धी सूचना यसैसाथ संलग्न गरी पठाईएको छ । तहाँ कार्यालयसँग सन्वन्धित निर्णयहरु उच्च प्राथमिकताका साथ कार्यान्वयनको व्यवस्थाका लागि अनुरोध गर्दछु ।

२०७६/१२/२

तोयनारायण ज्ञवाली
प्रमुख सचिव

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौ

माननीय मुख्यमन्त्रीज्यू, प्रदेश नं ५

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या :- २०७६/७७
च.नं. :- प्रा.स./४२१/ ५५६३

मिति : २०७६।११।३०

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, विराटनगर; प्रदेश नं. २, जनकपुर; बागमती प्रदेश, हेटौंडा; गण्डकी प्रदेश, पोखरा; प्रदेश नं. ५, बुटवल; कर्णाली प्रदेश, सुर्खेत र सुदूरपश्चिम प्रदेश, धनगढी ।

नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको संयोजकत्वमा मिति २०७६ फागुन २९ मा बसेको उच्चस्तरीय समितिको बैठकबाट भएका निर्णयहरू यसैसाथ संलग्न राखी पठाइएको छ । तहाँसँग सम्बन्धित निर्णयहरू उच्च प्राथमिकताका साथ कार्यान्वयनको व्यवस्था हुन अनुरोध गर्दछु ।

नारायण प्रसाद विडारी
सचिव एवं
नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
उच्चस्तरीय समन्वय समितिका सदस्य सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

निर्णयहरु:

१ नेपालको आगमन विन्दुमा विदेशीहरुलाई दिइदै आएको On-Arrival Visa को व्यवस्था १४ मार्च २०२० को राती १२ बजेबाट लागु हुने गरी अप्रिल ३०, २०२० सम्मका लागि स्थगन गर्ने।

२ यस पूर्व भिषा लिईसकेका विदेशीहरुले नेपालको आगमन विन्दुमा आईपुग्ने मिति भन्दा बढिमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (Swab Test PCR) आगमन विन्दुको अध्यागमन कार्यालयमा पेश गर्ने व्यवस्था लागु गर्ने।

३ अति जरुरी कारणबाट नेपालमा यात्रा गर्नु पर्ने अवस्थाका विदेशीले सम्बन्धित मुलुक वा नजिकमा रहेका नेपाली नियोगहरुबाट नेपाल आईपुग्ने मिति भन्दा बढीमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (Swab Test PCR) सहित भिषा आवेदन गर्नुपर्ने व्यवस्था लागु गर्ने।

४ गैर आवासीय नेपालीहरुलाई गैर आवासीय नेपाली परिचय पत्रको आधारमा आगमन विन्दुमा दिईदै आएको On-Arrival Visa १४ मार्च २०२० को राती १२ बजेबाट लागु हुने गरी ३० अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने। अत्यावश्यक कारणले नेपाल आउनु पर्ने अवस्थामा नेपाल आईपुग्ने मिति भन्दा बढीमा सात दिन भित्रको स्वास्थ्य जाँच प्रमाणपत्र (Swab Test PCR) संलग्न गरी सम्बन्धित मुलुक वा नजिकमा रहेका नेपाली नियोगहरुबाट भिषा लिनु पर्ने व्यवस्था लागु गर्ने।

५ मार्च १४, २०२० देखि नेपाल प्रवेश गर्ने विदेशीहरुले Self Quarantine मा र नेपाली नागरिक तथा गैर आवासीय नेपालीले Home Quarantine मा १४ दिन सम्म बस्नु पर्ने व्यवस्था लागु गर्ने।

६ कुटनैतिक र अफिसियल भिषा प्राप्त विदेशीहरु पहिलो पटक नेपाल प्रवेश गर्दा वा बाहिर यात्रा गरी नेपाल फर्किदाको अवस्थामा १४ दिन Self Quarantine मा बस्नु पर्ने व्यवस्था लागु गर्ने।

७ व्यावसायिक, अध्ययन र कामदार भिषा प्राप्त गरेका विदेशीहरु विदेश यात्राबाट नेपाल फर्केपछि १४ दिन Self Quarantine मा बस्नु पर्ने व्यवस्था लागु गर्ने । यसरी Self Quarantine र Home Quarantine बसेकाहरुको अनुगमन स्थानीय तहले नजिकको स्वास्थ्य सस्थाको सहयोगमा गर्ने । स्थानीय तहका स्वास्थ्य सस्थाहरुले यसको अभिलेख राखी सोको जानकारी स्वास्थ्य सेवा विभागको Call Centre मा पठाउने । Call Centre ले सोको अद्यावधिक विवरण स्वास्थ्य मन्त्रालयमा पठाउने ।

८ विदेशमा रहेका नेपाली नागरिकहरुलाई अत्यावश्यक अवस्थामा बाहेक यात्रा नगर्न र विदेशमा रहँदा उच्च सतर्कता र सावधानी अपनाउन अनुरोध गर्ने।

९ तेस्रो मुलुकका नागरिकहरुलाई स्थल मार्ग हुँदै नेपाल प्रवेश गर्न दिइदै आएको सुविधा १४ मार्च २०२० राती १२ बजेदेखि लागु हुने गरी ३० अप्रिल २०२० सम्मका लागि स्थगन गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२०७६।११।२९

सचिव

१० नेपाल भारत बीचको यात्रु आवागमनलाई व्यवस्थित गर्न परराष्ट्र मन्त्रालयले अर्थ, उद्योग वाणिज्य तथा आपूर्ति र गृह मन्त्रालयसँगको सहकार्यमा भारतीय पक्षसँग समन्वय गरी निश्चित विन्दुहरुबाट मात्र यात्रु आवागमन गर्ने व्यवस्था मिलाउने।

११ अर्को सूचना नभएसम्म बैदेशीक रोजगारीका लागि दिइने श्रम स्वीकृती स्थगन गर्ने।

१२ अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुलाई ३० अप्रिल २०२० भित्र विदेश यात्रा गर्ने गरी **No-Objection Certificate** जारी नगर्ने।

१३ संक्रमणको रोकथाम र नियन्त्रणका लागि अति आवश्यक पर्ने औषधी, औजार तथा उपकरण लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिको प्रावधान अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गर्ने।

१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणको रोकथाम, निदान र उपचारका लागि आवश्यक पर्ने **ICU** तथा **Isolation** कक्ष सहितको विशेष पूर्वाधार (काठमाडौं उपत्यकामा आवश्यक संख्यामा र हरेक प्रदेशमा कम्तिमा एक एक वटा) विकास गर्न विस्तृत प्रस्ताव तयार पारी समितिको अर्को बैठकमा पेश गर्ने। यसका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था अर्थ मन्त्रालयले गर्ने।

१५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी समायोजन भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु समेतलाई संक्रमण रोकथाम र नियन्त्रणका लागि आवश्यकता अनुसार परिचालन गर्ने।

१६ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा आवश्यकता अनुसार परिचालन गर्न मेडिकल तथा ननमेडिकल स्वयंसेवकहरुको सूची तयार गरी व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न निर्देशन दिने।

१७ नेपालमा पर्वतारोहण गर्ने गरी सन् २०२० को बसन्त ऋतुका लागि जारी गरिएका वा जारी गरिने अनुमति पत्र हाललाई स्थगित गर्ने।

१८ नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा सम्मेलन, समारोहहरुलाई मे ३१, २०२० सम्मका लागि स्थगित गर्ने।

१९ संक्रमणबाट जोगिन ठूलो संख्यामा मानिसहरु भेला हुने सिनेमा हल, सभा समारोह, सामाजिक कार्य एवं मेला महोत्सवमा सहभागी नहुन आम जनसमुदायलाई आहवान गर्ने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२०७६।११।२५

सचिव

१० नेपाल भारत बीचको यात्रु आवागमनलाई व्यवस्थित गर्न परराष्ट्र मन्त्रालयले अर्थ, उद्योग वाणिज्य तथा आपूर्ति र गृह मन्त्रालयसँगको सहकार्यमा भारतीय पक्षसँग समन्वय गरी निश्चित विन्दुहरुबाट मात्र यात्रु आवागमन गर्ने व्यवस्था मिलाउने।

११ अर्को सूचना नभएसम्म बैदेशीक रोजगारीका लागि दिइने श्रम स्वीकृती स्थगन गर्ने।

१२ अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुलाई ३० अप्रिल २०२० भित्र विदेश यात्रा गर्ने गरी No-Objection Certificate जारी नगर्ने।

१३ संक्रमणको रोकथाम र नियन्त्रणका लागि अति आवश्यक पर्ने औषधी, औजार तथा उपकरण लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिको प्रावधान अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गर्ने।

१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणको रोकथाम, निदान र उपचारका लागि आवश्यक पर्ने ICU तथा Isolation कक्ष सहितको विशेष पूर्वाधार (काठमाडौं उपत्यकामा आवश्यक संख्यामा र हरेक प्रदेशमा कम्तिमा एक एक वटा) विकास गर्न विस्तृत प्रस्ताव तयार पारी समितिको अर्को बैठकमा पेश गर्ने। यसका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था अर्थ मन्त्रालयले गर्ने।

१५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी समायोजन भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु समेतलाई संक्रमण रोकथाम र नियन्त्रणका लागि आवश्यकता अनुसार परिचालन गर्ने।

१६ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यमा आवश्यकता अनुसार परिचालन गर्न मेडिकल तथा ननमेडिकल स्वयंसेवकहरुको सूची तयार गरी व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न निर्देशन दिने।

१७ नेपालमा पर्वतारोहण गर्ने गरी सन् २०२० को बसन्त ऋतुका लागि जारी गरिएका वा जारी गरिने अनुमति पत्र हाललाई स्थगित गर्ने।

१८ नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा सम्मेलन, समारोहहरुलाई मे ३१, २०२० सम्मका लागि स्थगित गर्ने।

१९ संक्रमणबाट जोगिन ठूलो संख्यामा मानिसहरु भेला हुने सिनेमा हल, सभा समारोह, सामाजिक कार्य एवं मेला महोत्सवमा सहभागी नहुन आम जनसमुदायंलाई आहवान गर्ने।

२०७६/११/२५

सचिव

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७६/७७
च.नं. :- प्रा.स./४२१/ ५४५४

मिति : २०७६।११।२१

विषयः - COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

श्री प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. ५ बुटवल ।

COVID-19 को संक्रमण विश्वव्यापी रुपमा फैलिदो क्रममा रहेको छ । छिमेकी मुलुकमा यसको प्रभावको कारण नेपाल पनि यसको सम्भावित जोखिमको क्षेत्रमा रहेको छ । यस रोगको संक्रमणप्रति सजगता, रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषद्ले उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा "कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" गठन गरेको छ । उक्त उच्चस्तरीय समितिको निर्णयानुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट नेपाली नागरिकको हितलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना (Travel advisory) जारी भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सुचनाको छायाँप्रति यसैसाथ संलग्न छ । संघीय मन्त्रालय तथा निकायहरुले यस रोगको रोकथाम तथा नियन्त्रणको लागि समयबद्ध कार्ययोजना सहित विभिन्न क्रियाकलापहरु संचालनमा ल्याएका छन् । आजै विहान सातै प्रदेशका प्रदेश सरकारका प्रमुख सचिवहरू तथा प्रदेशका सचिवहरूसँग यस कार्यालयको Action Room बाट प्रत्यक्ष छलफल भई यस रोग सम्बन्धमा सजगता, सचेतना, रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारका तर्फबाट प्रदेशस्तरीय कार्यहरु प्रभावकारी रुपले गर्न अनुरोध भएको व्यहोरा स्मरण गराइन्छ ।

प्रस्तुत परिप्रेक्ष्यमा प्रदेश सरकारका तर्फबाट यस रोगको रोकथाम, नियन्त्रण र सजगता अपनाउने सन्दर्भमा देहाय बमोजिमको कार्य गर्ने/गराउने व्यवस्थाको लागि अनुरोध गर्दछु ।

देहायः-

१. COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना (Travel advisory) मा उल्लेख भएबमोजिम तहासँग सम्बन्धित हुने विषयहरुमा आवश्यक कार्य गर्ने/गराउने ।
२. COVID-19 को संक्रमण नियन्त्रणमा नआएसम्म नेपाल प्रवेश गर्ने मुख्य सीमा नाकाहरुमा उच्च सतर्कता अपनाई नेपाल प्रवेश गर्ने सबै यात्रुहरुको स्वास्थ्य जाँच/स्क्रिनिङ्गको कार्यलाई प्रभावकारी तुल्याउने ।
३. COVID-19 को संक्रमण नियन्त्रणमा नआएसम्म स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखी ठुला जमघट हुने सामाजिक कामहरु एवं भोज उत्सवहरुमा सहभागी नहुन सार्वजनिक आह्वान गर्ने ।
४. स्यानिटाइजर, मास्क, औषधी एवं अत्यावस्यक सामग्री लगायत दैनिक उपभोग्य अन्य वस्तुहरुको बजारमा नियमित एवं सहज आपूर्ती व्यवस्था कायम राख्ने व्यवस्था मिलाउने तथा बजार स्वच्छता कायम राख्न बजार अनुगमन नियमनको कार्यलाई प्रभावकारी तुल्याउने ।

(नारायण प्रसाद विडारी)
सचिव

**सादर अवगतार्थ**
श्रीमान् मुख्यसचिवज्यू, नेपाल सरकार ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०७७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना**

COVID-19 को रोकथाम, नियन्त्रण र सजगता अपनाउने सन्दर्भमा नेपाल सरकारले देहायका व्यवस्था गरेकोले सो अनुसार गर्न गराउनु हुन सम्बन्धित सबैमा यो अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना जारी गरिएको छ।

१ अत्यावश्यक अवस्थामा बाहेक COVID-19 बाट बढी प्रभावित मुलुकहरु चीन, दक्षिण कोरिया, इरान, इटली, जापान लगायत अन्य उच्च जोखिममा रहेका मुलुकहरुमा यात्रा नगर्न नेपाली नागरिकहरुलाई अनुरोध गरिएको छ।

२ COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकहरु एवम् ती मुलुकको ट्रान्जिट भएर नेपाल आउने यात्रुहरुले नेपालको अध्यागमन विन्दुमा अनिवार्य रुपमा COVID-19 बाट संक्रमित नभएको स्वास्थ्य परिक्षणको प्रमाण पेश गर्नुपर्ने छ।

३ छिमेकी मित्रराष्ट्र भारतसँगका मुख्य नाकाहरु (पशुपतिनगर, काकरभिट्टा, जोगबनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह (नेपालगँज), गड्डाचौकी लगायतमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने भारतीय यात्रुको स्वास्थ्य परीक्षण गरिने छ ।

४ छिमेकी मित्रराष्ट्र भारतहुँदै स्थलमार्गबाट नेपाल प्रवेश गर्ने तेस्रो मुलुकका यात्रुलाई तत्कालका लागि काकरभिट्टा, जोगबनी, रक्सौल, सुनौली, जमुनाह (नेपालगँज), गड्डाचौकीबाट मात्र प्रवेश गर्ने गरी यात्रुको स्वास्थ्य परीक्षण पछि प्रवेशाज्ञा जारी गर्ने व्यवस्था मिलाइने छ ।

५ COVID-19 बाट बढी प्रभावित र यसको उच्च जोखिममा रहेका मुलुकहरुबाट एवम् तेस्रो देशबाट ती मुलुकहरु हुँदै आउने नेपालीहरुले १४ दिन अनिवार्य रुपमा होम क्वारेन्टाइनमा रहनु पर्नेछ।

६ नेपाल भ्रमण बर्ष २०२० सँग सम्बन्धित विदेशमा आयोजना गरिने सबै प्रवर्धनात्मक कार्यक्रमहरु स्थगित गरिएको छ।

७ सन् २०२० को अप्रिलमा नेपालले आयोजना गर्न तय भएको सगरमाथा संवाद स्थगित गरिएको छ। त्यसै गरी निकट भविष्यमा नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा, सम्मेलनहरु पनि स्थगित गरिएको छ।

८ निजी तथा गैर सरकारी क्षेत्रबाट नेपालमा आयोजना हुन लागेका अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरु स्थगित गर्न सम्बन्धित आयोजक संस्थाहरुलाई आह्वान गरिएको छ।

९ COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, इरान, इटली तथा जापानका नागरिकहरुलाई प्रदान गरिँदै आएको On Arrival Visa को सुविधा १० मार्च २०२० देखि लागु हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको छ। नेपाल भ्रमण गर्न चाहने माथि उल्लेख भएका विदेशी मुलुकका नागरिकहरुले विदेशस्थित नेपाली नियोगहरुबाट आवश्यक प्रक्रिया पूरा गरी भिषा प्राप्त गर्न सक्नेछन्। यसका लागि अध्यागमन विभागबाट मिति २०७६।११।१९ तदनुसार २ मार्च २०२० मा जारी भएको छुट्टै सूचना हेर्नुहुन अनुरोध गरिएको छ।

१९ फागुन, २०७६

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं